लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, रोल्पा

फोन नं.: ०८६-४४०११८/४४०३०२
९८५७८२४४०५/९८५७८७७०११
वेबसाइट: akcrolpa.lumbini.gov.np
इमेल: akcrolpa@gmail.com

प.सं.:-२०८२/०८३
च.नं.:-

मिति: २०८२।०६।२९

## कार्यक्रम संचालनको लागि आवेदन/प्रस्ताव आह्वान गरिएको सुचना।

**प्रथम पटक प्रकाशन मिति :२०८२/०६/२९**

कृषि ज्ञान केन्द्र,रोल्पाको चालु आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकले सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र (मिति २०८२।०७।१८ गते सम्म) यस कार्यालय तथा मातहतका कार्यालयमा तपसिलका कागजातहरु सहित निवेदन पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ।प्रस्ताव साथ पेश गर्नुपर्ने निवेदनको ढाँचा, व्यावसायिक योजना, संलग्न गर्नुपर्ने कागजात, सञ्चालन कार्यविधि यस कार्यालयको सुचनापाटी/वेवसाईट www. ackrolpa.lumbini.gov.np Facebook page (कृषि ज्ञान केन्द्र रोल्पा) बाट वा सम्बन्धित गाँउपालिका/नगरपालिकाको कृषि शाखाबाट समेत प्राप्त गर्न सकिनेछ। थप जानकारीका लागि कार्यालयको सम्पर्क नम्बर (९८५७८२४४०५/९८५७८७७०११) मा सम्पर्क गर्न सकिन्छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु समावेश नहुने बेहोरा समेत जानकारी गराईन्छ।

**तपसिल:**

| क्र.स | कार्यक्रमको नाम | संचालन गर्न सकिने क्रियाकलाप | न्युनतम मापदण्ड | कार्यक्रम संचालन हुने क्षेत्र वा स्थान | आवेदकको किसिम | अनुदानको सिमा |
|---|---|---|---|---|---|---|
| १. | सिंचाई सहित कृषि विकास कार्यक्रम। | • सोलार सिंचाई, थोपा सिंचाइ, लिफ्ट सिंचाई, बोरिङ्ग, पम्पसेट, मोटर, डेलिभेरी पाइप, सक्सन पाइप, ड्रिप तथा स्प्रिङ्कलर, लगायतका सिंचाई सामग्री खरिद।<br>• सिंचाई कुलो/पोखरी, बोरिङ्ग, लिफ्ट सिंचाई निर्माण तथा सुधार।<br>• स्यालो ट्युववेल जडान। | • फर्म/कम्पनीको हकमा न्यूनतम १० कठ्ठा (पहाडको हकमा ५ रोपनी) र सामुदायिकको हकमा २.५ हे. सिंचित क्षेत्र विस्तार गर्नुपर्ने।<br>• यस अघि अनुदान नपाएकालाई प्राथमिकता दिने।<br>• लक्षित तथा सिमान्तकृत वर्गलाई प्राथमिकता दिने।<br>• रु.५० हजार भन्दा कम लागतको आयोजना पेश गर्न पाइने छैन। | जिल्ला भरी | • फर्म/कम्पनी/ कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता समिति सहभागी हुन सक्ने। | • तपसिल बमोजिम उल्लिखित रकममा नबढ्नेगरी कूल लागतको अधिकतम ५० प्रतिशत अनुदान सहयोग,<br>• फर्म/कम्पनीको हकमा प्रति आयोजना/अनुदानग्राही अधिकतम रु ७५ हजार सम्म,<br>• समूह/कृषि सहकारीको/जल उपभोक्ता समितिको हकमा प्रति आयोजना/अनुदानग्राही अधिकतम रु १ लाख ५० हजार सम्म,<br>• कार्यालयले आयोजनाहरु छनोट गर्दा समग्रमा प्रति आयोजना औषत अनुदान रकम रु.१ लाखमा नबढ्ने गरी गर्नु पर्नेछ। |

**संलग्न गर्नुपर्ने कागजातहरु:**

१. प्रस्तावकको निवेदन। (अनुसूची २३ बमोजिम)
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारीको)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर,प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने)।
५. कार्यक्रम सञ्चालनको लागि व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (कार्यक्रमको प्रकृति अनुसार) (अनुसूची-२४ बमोजिम)।
६. सम्वन्धित स्थानीय तहको सिफारिस पत्र।
७. दोहोरो अनुदान नलिएको स्वःघोषणा।(अनुसूची ३१ बमोजिम)।
८. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि (संस्था/समुह/कम्पनी/सहकारीको हकमा।
९. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
१०. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा।
११. जग्गा धनी दर्ता प्रमाण-पत्रको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० वर्ष वा तोकिएको अवधिको करार पत्र ।

पुनश्चः माथि उल्लेखित कार्यक्रमहरु लुम्बिनी प्रदेश सरकार कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको "कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८२" अनुसार मात्र संचालन हुनेछ। साथै उल्लेखित मिति भित्र आवश्यक कागजात र प्रकिया नपुगेका आवेदनहरु माथी कुनै प्रकिया अघि बढ्ने छैन।



२०८२।६।२९
महेन्द्र कुमार ओझा
कार्यालय प्रमुख
मुख्य कृषि अर्थ विज्ञ (नवौं तह)

CamScanner